कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने इजाजत पत्र प्राप्त

**United Finance Limited**

# यूनाइटेड फाइनान्स लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ग" वर्गको इजाजत प्राप्त संस्था
प्रधान कार्यालयः आई. जे प्लाजा,दरबारमार्ग, काठमाण्डौ
फोन नं. ४२४१६४८ फ्याक्स नं ४२४१६४५
web site: www.ufl.com.np, email: info@ufl.com.np

**को**

विद्यमान चुक्ता पुँजी रु. ४६,३९,३४,५८७/– मा ४ : १ (अर्थात् विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको दरले) को अनुपातमा साविक शेयरधनीहरुका लागि रु. ११,५९,८३,६१३/- बराबरको प्रति शेयर रु. १००।- का दरले ११,५९,८३६.१३ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

यस हकप्रद निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (fundamentals) जनाउने " [ICRANP] IPO Grade 4 " प्रदान गरेको छ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ। ग्रेड २, ३, र ४ मा प्रदान गरिने +(plus) चिन्हले त्यस समूहका तुलनात्मक सकरात्मक स्थितिलाई जनाउँदछ।

***दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।***

निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्वन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस यूनाइटेड फाईनान्स लिमिटेडले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा २० मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृती भएको मिति : २०७३/०३/०८
**हकप्रद शेयर निष्काशन खुल्ला मिति २०७३/०३/३०**
**हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७३/०५/०१ (बैंकिङ्ग समय पश्चात)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

नक्साल, काठमाडौं, नेपाल ; फोन नं.– ४४११६०४ फ्याक्स नं.–४४१०५५४
Email : nabilinvest@nabilbank.com

# “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु”

२ कम्पनीको नाम : यूनाइटेड फाईनान्स लिमिटेड **(United Finance Limited)**

३ **कम्पनीको रजिष्टर्ड कार्यालय :** वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १, दरबारमार्ग काठमाण्डौमा रहेको छ ।

४ **कारोवार स्थान :** वित्तीय संस्थाले आई. जे प्लाजा, दरबारमार्ग, काठमाण्डौमा आफ्नो केन्द्रीय कार्यालय खोली वित्तीय कारोवार गरिरहेको छ । यसको अतिरिक्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको स्विकृति लिई काठमाण्डौं उपत्यका भित्र न्यूरोड, कालीमाटी र गङ्गाघर तथा उपत्यका बाहिर पोखरा, नारायणगढ, विराटनगर, बुटवल, नेपालगञ्ज, दाङ, तथा वीरगञ्जमा शाखा कार्यालयहरु खोली आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको स्विकृति लिई आवश्यकता अनुसार भविष्यमा शाखाहरु विस्तार गर्न सक्नेछ ।

५ **कम्पनीको संक्षिप्त परिचय र उद्देश्य :**

**संक्षिप्त परिचय :**

यूनाइटेड फाईनान्स लिमिटेड, कम्पनी ऐन २०६३ बमोजिम २०४९ साल फागुन ११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनी नं. ६-०४९/५० अर्न्तगत रजिष्टर्ड दर्ता भई नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको वित्तीय संस्थाको रूपमा कारोबारको इजाजत प्राप्त गरी २०५१ सालदेखि कारोबार गर्दै आएको छ । यस वित्तीय संस्थाको संस्थापक तथा संचालकहरु वित्तीय क्षेत्र, उधोग, व्यवसाय तथा व्यवस्थापनमा लामो समय देखि आवद्ध रहेको ब्यक्तित्वहरु हुनु हुन्छ ।

**उद्देश्यहरु :**

नेपाल राष्ट्र बैंक ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानुन, कम्पनी तथा अन्य प्रचलीत कानूनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय वमोजिम रहेको छ ।

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिकरुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमवाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

६. **शेयर पुँजीको संरचना :**

**क) अधिकृत पूँजी:** वित्तीय संस्थाको अधिकृत पुँजी रु.१,००,००,००,०००/–(एक अर्ब) रहेको छ । सो पुँजीलाई प्रति शेयर रु. १०० दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**ख) जारी पुँजी** : वित्तीय संस्थाको तत्काल जारी पुँजी रु. ५७,९९,१८,२००।– (सन्ताउन्न करोड उनान्सय लाख अठार हजार दुई सय) रहेको छ । सो पुँजीलाई प्रति शेयर रु. १०० दरका ५७,९९,१८२ (सन्ताउन्न लाख उनान्सय हजार एक सय वयासी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पुँजी: हाल** वित्तीय संस्थाको चुक्ता पुँजी रु. ४६,३९,३४,५८७– (छयालीस करोड उनन्चालीस लाख चौतीस हजार पाँच सय सतासी) रहेको छ । सो पुँजीलाई प्रति शेयर रु. १०० दरका ४६,३९,३४५.८७ (छयालीस लाख उनन्चालीस हजार तीन सय पैतालीस दशमलव सतासी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात वित्तीय संस्थाको चुक्ता पुँजी रु. ५७,९९,१८,२००।– (सन्ताउन्न करोड उनान्सय लाख अठार हजार दुई सय) हुनेछ ।

**नोटः** कम्पनीको हाल कायम रहेको चुक्ता पुंजी रु. ४६,३९,३४,५८७ को ४:१ को अनुपातमा ११,५९,८३६.४६७५ कित्ता हकप्रद सेयर निष्काशन गर्दा कायम हुन आउने चुक्ता पूँजी रु. ५७,९९,१८,२३३.७५ रही पूर्णाङ्कमा नरहेकोले ०.३३७५ कित्ता शेयर रेकर्डमा राखी शेयरधनीहरुलाई आगामी वर्षहरुमा लाभांशको रुपमा बोनश शेयर तथा हकप्रद शेयर प्रदान गर्दा उक्त कित्ता शेयर समायोजन गर्ने गरी ५७,९९,१८२ कित्ता शेयरको रु. १०० का दरले हुन आउने चुक्ता पूँजी रु. ५७,९९,१८,२००।- (अक्षरेपी सन्ताउन्न करोड उनान्सय लाख अठार हजार दुई सय मात्र)) कायम गर्ने गरी हकप्रद शेयर निष्काशन गरिने भएकोले निष्काशन गर्न लागिएको हकप्रद शेयर संख्यामा ०.३३७५ कित्ताको फरक देखिएको हो । साथै श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा पनि हकप्रद निष्काशन पश्चात चुक्ता पूँजी रु ५७,९९,१८,२००।- कायम हुने गरि अभिलेख गराईएको छ ।

**७. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात संगठित संस्थाको चुक्ता पुँजीको स्थिती :**

**हकप्रद शेयर निष्काशन पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको संरचनाः**

| शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | २७,८२,२१५.७२ | २७,८२,२१,५७२।- | ५९.९७ | १००% |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १८,५७,१३०.१५ | १८,५७,१३०१५।- | ४०.०३ | १००% |
| **जम्मा** | **४६,३९,३४५.८७** | **४६,३९,३४,५८७।-** | १००% | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पुँजीको संरचनाः**

| शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पुँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | ३४,७७,७६९.४५ | ३४,७७,७६,९४५।- | ५९.९७ | १००% |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २३,२१,४१२.५५ | २३,२१,४१,२५५।- | ४०.०३ | १००% |
| **जम्मा** | **५७,९९,१८,२००** | **५७,९९,१८,२००।-** | १००% | |

८ मिति २०७३।०१।१५ मा कायम रहेका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं | शेयरधनी को नाम | समूह | ठेगाना | शेयर कित्ता | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | राहुल इन्फ्रास्ट्रक्चर नेपाल प्रा. लि. | क | सानेपा, ललितपुर | ६,९४,११४ | ६,९४,११,४०० | शत प्रतिशत |
| २ | बसन्त कुमार चौधरी | क | खिचापोखरी, काठमाडौं | ४,६५,००० | ४,६५,००,००० | " |
| ३ | अरूण कुमार चौधरी | क | त्रिदेवी मार्ग, काठमाडौं | ४,७१,२८४ | ४,७१,२८,४०० | " |
| ४ | रबि भक्त श्रेष्ठ | क | आइ. जे. प्लाजा, काठमाडौं | ३१,००७ | ३१,००,७०० | " |
| ५ | मुरली धर अग्रवाल | क | बबर महल, काठमाण्डौं | २३,२४६ | २३,२४,६०० | " |
| ६ | आनन्द राज मुल्मी | क | भैरव टोल, पोखरा २, कास्की | ४,०९१ | ४,०९,१०० | " |
| ७ | त्रिलोक चन्द अग्रवाल | क | मेन रोड, विराटनगर ९, विराटनगर | १५,५०२ | १,५५,०२०० | " |
| ८ | अशोक कुमार अग्रवाल | क | मेन रोड ९, विराटनगर | ११,६२३ | ११,६२,३०० | " |
| ९ | कला भट्ट | क | काठमाण्डौं | ३१,००७ | ३१,००,७०० | " |
| १० | किरण लाल श्रेष्ठ | क | महेन्द्र पुल ४, पोखरा | १५,५०२ | १५,५०,२०० | " |
| ११ | मिठ्ठु रेग्मी | क | पुरोनोबानेश्वर, घुम्ती कुमारी मार्ग घ.नं. ६० | ८,२०८ | ८,२०,८०० | " |
| १२ | तुल्सी राम अग्रवाल | क | मेन रोड ९, विराटनगर | ११,६२३ | ११,६२,३०० | " |
| १३ | राजेश शर्मा दाहाल | क | खिचापोखरी,३४ | ३९,००४ | ३९,००,४०० | " |
| १४ | विनोद कुमार चौधरी | क | रविभवन, काठमाडौं | २,३४,४३९ | २,३४,४३,९०० | " |
| १५ | एम ए डब्लु इन्टरप्राइजेज प्रा लि | क | त्रिपुरेश्वर, काठमाडौं | ६,९५,५५३ | ६,९५,५५,३०० | " |
| १६ | शिव कुमार अग्रवाल | क | का.म.न.पा ९ काठमाडौं | ३१,००७ | ३१,००,७०० | " |
| ३० | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ख | | १८,५७,१३०.१५ | १८,५७,१३,०१५ | " |
| **जम्मा** | | | | **४६,३९,३४०.१५** | **४६,३९,३४०१५** | **शत प्रतिशत** |

**नोटः** माथि उल्लेख गरिएको संस्थापक शेयरधनीहरुको हकमा निजहरुको नाममा रहेको भिन्न अंकको शेयर कित्ता समायोजन नगरिएकोले जम्मा शेयर कित्तामा ५.७२ कित्ताको फरक देखिएको ।

**संस्थागत संस्थापकहरुको संचालकहरुको नाम तथा ठेगानाका साथै कम्पनी/संस्थाको संक्षिप्त परिचय**

| क्र.सं | कम्पनी/संस्थाको नाम, ठेगाना | सञ्चालकहरुको नाम | कम्पनी/संस्थाको संक्षिप्त परिचय |
|---|---|---|---|
| १ | राहुल इन्फ्रास्ट्रक्चर नेपाल प्रा. लि. | श्री सुरज शाक्य | राहुल इन्फ्रास्ट्रक्चर नेपाल प्रा. लि. ले विभिन्न कम्पनीहरुको शेयरमा लगानी गर्ने तथा विदेशी तथा स्वदेशी उत्पादित सामानहरुको बिक्री वितरणका लागि एजेन्सी, डिलर्स, अधिकृत विक्रेता भई कार्य गर्ने, गराउने कार्य गर्दछ । यसको प्रधान कार्यालय सानेपा ललितपुरमा रहेको छ । |
| २ | एमएडब्ल्यु इन्टरप्राईजेज प्रा.लि. | श्री हरि ओम घिमिरे | एम. ए. डब्लु ईन्टरप्राईजेज नेपालमा यामाहा, स्कोडा, जे.सि.बि., यामाहा म्यूजिक तथा यामाहा इन्जिनियरीङ उपकरणको आधिकारीक बितरक हो । यसले आफु इन्जिनियरीङ क्षेत्रसँगसगै अरु बिभिन्न सामाग्रीको बितरकको रुपमा आफ्नो बजार फैलाउदै गएको छ । हाल नेपालभरी यसका ४ शाखा कार्यालय, २८ डिलरहरु सहित ४५ सब डिलरहरु संचालनमा रहेका छन् । यसको प्रधान कार्यालय तथा कर्पोरेट कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा रहेको छ । |

**९. निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

वित्तीय संस्थाले शेयरको हकप्रद निष्काशन प्रयोजनका लागि गर्ने शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयर को ४ :१ (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) अनुपातमा हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले भुक्तानी माग गर्ने गरी ११,५९,८३,६१३।– शेयर पुँजी बराबर प्रति शेयर रु. १००।– अंकित दरका ११,५९,८३६.१३ कित्ता शेयरको हकप्रद निष्काशन गरिएको छ ।

**१०. हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

वित्तीय संस्थाको मिति २०७२/०८/२६ मा बसेको २१ औं साधारण सभाले पारित निर्णय अनुसार संस्थाको चुक्ता पूँजी रु. ५७,९९,१८,२००/- सम्म पुऱ्याउनका लागि ४ : १ (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हकप्रद शेयर निष्काशन (Right Issue) गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ ।

**११. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव**

**सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवसम्बन्धी विवरणः:**

| क्र.सं. | संचालकको नाम | पद | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १ | श्री वसन्त कुमार चौधरी (संस्थापक समुहबाट) | अध्यक्ष | त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ | व्यवस्थापनमा स्नातक | व्यापार, व्यवसाय तथा औद्योगिक प्रतिष्ठानमा ३६ वर्षभन्दा बढीको अनुभव |
| २ | श्री सुरज शाक्य (संस्थापक समुहबाट) | संचालक | लगन, तः बहाल, वडा नं. २१, काठमाण्डौ | व्यवस्थापनमा स्नातकोत्तर | १० वर्षको व्यवस्थापकीय अनुभव |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री राजेश शर्मा दाहाल (संस्थापक समुहबाट) | संचालक | नयाँ बानेश्वर वडा नं ३४, काठमाण्डौ | व्यवस्थापनमा स्नातक | २० वर्षको व्यवस्थापकीय अनुभव |
| ४ | श्री हरि ओम घिमिरे (संस्थापक समुहबाट) | संचालक | पोकली वडा नं. २, ओखलढुङ्गा | व्यवस्थापनमा स्नातकोत्तर | ११ वर्षको व्यवस्थापकीय अनुभव |
| ५ | श्री गजेन्द्र लाल श्रेष्ठ (सर्वसाधारण समुहबाट) | संचालक | सिः बहाल ललितपुर उप महानगर पालिका वडा नं. २१, ललितपुर | एस.एल.सी. | व्यापार तथा व्यवसायमा २० वर्षको अनुभव |
| ६ | श्री बेनी गोपाल मुन्दडा (सर्वसाधारण समुहबाट) | संचालक | विराटनगर वडा नं. ९, मोरङ्ग | व्यवस्थापनमा स्नातक | उद्योग तथा व्यवसायमा ४० वर्षको अनुभव |
| ७ | श्री रत्न राज पाण्डेय (व्यावसायिक विशेषज्ञ संचालक) | संचालक | लिमिथाना ५, पर्वत | व्यवस्थापनमा स्नातकोत्तर तथा कानूनमा स्नातक | सरकारी सेवामा ३० वर्षको अनुभव |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः**

**नाम** : श्री सुनन्द बहादुर श्रेष्ठ
**पद** : प्रमुख कार्यकारी अधिकृत
**ठेगाना** : ललितपुर
**योग्यता** : एम. बी. ए.
**अनुभव** : वित्तीय क्षेत्रमा २२ वर्षको अनुभव

## १२ सञ्चालक समितिको बनौट :

वित्तीय सस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम रहेको छ :–

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरु मध्येका समूह “क” बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक समूह “ख” बाट मनोनित | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित व्यवसायिक संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

## १३. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मार्फत निष्काशन तथा बिक्री गरिने शेयरको हकप्रद निष्काशन (Right Shares) को लागि आवेदन दिँदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको ४ : १ (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिँदा हकप्रद वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् । यसरी खण्डित हकप्रद शेयरलाई माथिल्लो नजिकको पूरा शेयरमा बाँडफाँड गर्ने निर्णय वित्तीय संस्थाको सञ्चालक समितिले गर्नेछ । यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरका लागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयर बापत नजिकको माथिको पूरा शेयरमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ ।

तर यस हकप्रद शेयर निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ । यदि कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद⁄दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरको आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद⁄दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर

रु.१००।– को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१४. **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको बिक्री धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम संचालक समितिले अत्यन्त पारदर्शी तरिका जस्तै लिलाम बढाबढ द्वारा बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिने छ ।

१५. **हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाले यस हकप्रद शेयर निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिमा कायम शेयरधनीहरुले आफ्नो नाममा शेयरको ४ : १ (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । साथै शेयरधनीहरुले आफुले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

१६. **संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण का साथै प्रक्षेपित प्रति शेयर आम्दानी (इ.पि.यस), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल ।**

वित्तीय संस्थाको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण देहाय वमोजिम रहेको ।

**वासलात**

| **पूँजी तथा दायित्व** | **वास्तविक (रु. हजारमा)** | | | | **प्रक्षेपित (रु. हजारमा) **** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३* (चैत्र सम्म) | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ |
| १. शेयर पूँजी | ३५०,८०१ | ४०३,४२१ | ४६३,९३५ | ४६३,९३५ | ५७९,९१८ | ८११,८८६ | ८११,८८६ |
| २. जगेडा तथा कोषहरु | ६९,१२२ | ९७,८७१ | १२४,७७२ | १९९,१५० | २३५,६१२ | ३६०,२६५ | ५०८,९७३ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | | | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | - | १५०,००० | | - | - | - |
| ५. निक्षेप दायित्व | २,९७५,०८८ | ३,७८१,६२१ | ४,२६८,५३३ | ४,५९०,०२५ | ४,३५३,९०४ | ४,५७१,५९९ | ५,४८५,९१९ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | १३,३३२ | ६,१४३ | २,८८५ | १५,८४२ | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ४३,८५० | २,७६९ | ३,१८५ | - | - | ३,६६३ | - |
| ८. आयकर दायित्व | - | - | - | - | - | - | - |
| ९. अन्य दायित्व | ५२,०६७ | ८०,०७८ | ७०,९५५ | १०४,७४२ | ८८,०८६ | ९६,८९५ | १०६,५८४ |
| **कुल दायित्व** | **३,५०४,२६१** | **४,३७१,९०४** | **५,०८४,२६४** | **५,३७३,६९३** | **५,२५७,५२०** | **५,८४४,३०७** | **६,९१३,३६१** |

| सम्पत्ति | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३* ( चैत्र सम्म) | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| १. नगद मौज्दात | ३५,४९४ | ६१,४१७ | ६०,३१६ | ७३,८८२ | ६६,३४८ | ६५,१८५ | ७२,९८२ |
| **२ नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात** | २४२,५४५ | १७२,२०४ | २३२,३१८ | २७२,९६८ | २१७,६९५ | २२८,५८० | २७४,२९६ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ४६७,००१ | ५५८,४०३ | ६९८,७५४ | ६४१,९५४ | ७३७,८५६ | ७१८,९३१ | १,२२४,०१२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५. लगानी | ७१,७१६ | २४०,४३४ | २८१,८७३ | २४२,१३३ | २४२,३११ | २४६,१५६ | २९८,४६३ |
| ६. कर्जा सापट तथा बिल खरिद | २,५६४,७४४ | ३,१६३,०३० | ३,६४९,४८९ | ३,९५२,४३४ | ३,८५१,९२५ | ४,४२९,४६४ | ४,८७२,४१० |
| ७. स्थिर सम्पत्ति | ७५,२९१ | ७९,१६९ | ८६,८०२ | ८३,५९३ | ८७,०८६ | ९५,७९४ | १०५,३७४ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | | | - | - | - |
| ९. अन्य सम्पत्ति | ४७,४७० | ९७,२४८ | ७४,७१२ | १०६,७२९ | ५४,३०१ | ६०,१९८ | ६५,८२४ |
| **कुल सम्पत्ति** | **३,५०४,२६१** | **४,३७१,९०४** | **५,०८४,२६४** | **५,३७३,६९३** | **५,२५७,५२०** | **५,८४४,३०७** | **६,९१३,३६१** |

## नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) ** | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०६९/०७० | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३* ( चैत्र सम्म) | आ.ब. ०७२/७३ | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ |
| १ व्याज आम्दानी | ३८९,७७३ | ४३१,७०२ | ४५३,०८९ | ३६१,७०२ | ४९०,७९८ | ५३६,३६६ | ६०६,६९० |
| २ व्याज खर्च | २५१,१६१ | २६९,३९६ | २५५,०६८ | १९६,७२६ | २६५,९२८ | २७९,८६७ | ३१५,४३२ |
| **खुद ब्याज आम्दानी** | **१३८,६१२** | **१६२,३०६** | **१९८,०२१** | **१६४,९७६** | **२२४,८७१** | **२५६,४९९** | **२९१,२५८** |
| ३. कमिशन तथा डिस्काउण्ट | ३,८७३ | ३,१०३ | ३,९०२ | १,४८६ | १,१६२ | १,५१० | १,८१२ |
| ४. अन्य संचालन आम्दानी | ३०,८७५ | ३१,६६७ | ३७,९३८ | २४,१८६ | ३८,२१० | ४२,७४९ | ५०,४२६ |
| ५. सटही घटबढ आम्दानी | - | | | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **१७३,३६०** | **१९७,०७६** | **२३९,८६२** | **१९०,६४८** | **२६४,२४२** | **३००,७५९** | **३४३,४९७** |
| ६. कर्मचारी खर्च | ४१,१६७ | ५१,५७१ | ५२,६९० | ३८,३३७ | ५७,९५९ | ६६,६५३ | ६९,९८५ |
| ७. अन्य संचालन खर्च | ३७,०६० | ४७,०८७ | ५१,८२८ | ३२,३२३ | ५२,५६३ | ५७,९८२ | ६४,२५६ |
| ८. सटही घटबढ नोक्सान | - | | | | - | - | - |
| **सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा** | **९५,१३२** | **९८,४१८** | **१३५,३४४** | **११९,९८९** | **१५३,७२०** | **१७६,१२४** | **२०९,२५६** |
| ९. सम्भावित नोक्सानी | १६,४८३ | १६,५५८ | १६,८७१ | २८,९६० | १५,८८५ | १९,८२३ | १९,२६४ |
| **संचालन मुनाफा/(नोक्सान)** | **७८,६४९** | **८१,८६०** | **११८,४७३** | **९१,०२८** | **१३७,८३५** | **१५६,३००** | **१८९,९९१** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १,१३२ | ३९,९७१ | १६,८६० | १८,२२७ | २६,९७५ | २९,६७३ | ३२,६४० |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १२,२९७ | १२,८४६ | १०,८६७ | ७,८५१ | १०,८६७ | ११,४१० | १२,५५१ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **९२,०७८** | **१३४,६७७** | **१४६,१९९** | **११७,१०६** | **१७५,६७८** | **१९७,३८४** | **२३५,१८३** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | (३,८९०) | (१,८९३) | (१,२७८) | (२२७) | (१,५००) | (१,५००) | (१,५००) |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | | | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **८८,१८८** | **१३२,७८४** | **१४४,९२१** | ११६,८८० | **१७४,१७८** | **१९५,८८४** | **२३३,६८३** |
| १३.कर्मचारी बोनस व्यवस्था | ८,०१७ | १२,०७१ | १३,१७५ | १०,६२५ | १५,८३४ | १७,८०८ | २१,२४४ |
| १४.आयकर व्यबस्था | ***२४,७००*** | ***३६,५७४*** | ***४१,१४८*** | ३१,८७६ | ***४७,५०३*** | ***५३,४२३*** | ***६३,७३२*** |
| यस वर्षको | २४,५०८ | ३७,२१७ | ४०,१०२ | ३१,८७६ | ४७,५०३ | ५३,४२३ | ६३,७३२ |
| गत वर्षको | ८१ | | १,२५५ | | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (१११) | ६४४ | २१० | | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **५५,४७१** | **८४,१३९** | **९०,५९९** | **७४,३७८** | **११०,८४०** | **१२४,६५३** | **१४८,७०७** |
| शेयर संख्या (हजारमा) | ३,५०८ | ३,५०८ | ४,०३४ | ४,६३९ | ५,७९९ | ८,११९ | ८,११९ |
| प्रति शेयर आम्दानी (वार्षिकीकरण ) रु. | १५.८१ | २३.९८ | २२.४६ | २१.३८ | १९.११ | १५.३५ | १८.३२ |

## अनुमानित वित्तीय विवरणहरु तयार गर्दाका आधारहरु:

| **विवरण** | **प्रक्षेपित****| | |
|---|---|---|---|
| | **आ.ब. २०७२/७३** | **आ.ब. २०७३/७४** | **आ.ब. २०७४/७५** |
| कर्जा निक्षेप अनुपात | ७५.६६% | ७८.२८% | ७२.६६% |
| निक्षेप बृद्धिदर | १.८२% | ५.००% | २०.००% |
| कर्जा लगानी बृद्धिदर | ७.४८% | १४.९९% | १०.००% |
| वैधानिक तरलता अनुपात | ९.९७% | १०.८०% | १०.८९% |
| कर्जा लगानीको औषत व्याजदर | १२.२५% | १२.२५% | १२.२% |
| निक्षेपमा तिर्नुपर्ने औषत व्याजदर | ६.१५% | ६.२५% | ६.२५% |
| तिर्न बाँकी कर्जा सापटमा औषत व्याजदर | - | - | - |
| आयकर दर | ३०% | ३०% | ३०% |
| अनिवार्य मौज्दात (CRR) | ५% | ५% | ५% |
| पुंजीकोष (CAR) | २०.१८% | २५.४८% | २५.६७% |

## वित्तीय संस्थाको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने खुद सम्पत्ति (नेटवर्थ)

रु. हजारमा

| **विवरणहरु** | **वास्तविक** | | | **प्रक्षेपित ****| | |
|---|---|---|---|---|---|---|
| | **आ.ब. २०६९/७०** | **आ.ब. २०७०/७१** | **आ.ब. २०७१/७२** | **आ.ब. २०७२/७३** | **आ.ब. २०७३/७४** | **आ.ब. २०७४/७५** |
| चुक्ता पूँजी | ३५०,८०१ | ३५०,८०१ | ४०३,४२१ | ५७९,९१८ | ८११,८८६ | ८११,८८६ |
| जगेडा तथा कोषहरु | ६९,१२२ | ९७,८७१ | १२४,७७२ | २३५,६१२ | २९०,६७५ | ५०८,९७३ |
| प्रस्तावित बोनस सेयर | | ५२,६२० | ६०,५१३ | | ६९,५९० | |
| **जम्मा** | ४१९,९२३ | ५०१,२९२ | ५८८,७०६ | ८१५,५३० | १,१७२,१५१ | १,३२०,८५८ |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्चहरु | (१,४४७) | (१,६६६) | (१,६२३) | (२,४४६) | (३,०९०) | (३,६९९) |
| **जम्मा खुद सम्पत्ती (Total Networth)** | ४१८,४७६ | ४९९,६२६ | ५८७,०८३ | ८१३,०८४ | १,१६९,०६० | १,३१७,१५९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शेयर संख्या | ३,५०८।०१ | ३,५०८।०१ | ४,०३४।२१ | ५,७९९।१८ | ८,११८।८६ | ८,११८।८६ |
| प्रतिशेयर नेटवर्थ | ११९।२९ | १४२।४२ | १४५।५३ | १४०।२१ | १४३।९९ | १६२।२३ |
| नेटवर्थमा प्रतिफल प्रतिशत | १३।२६ | १६।८४ | १५।४३ | १३।६३ | १०।६६ | ११।२९ |
| औषत नेटवर्थमा प्रतिफल प्रतिशत | १५.१८ | | | ११.८६ | | |

* आ .व २०७२/७३ चैत्र मसान्त व्यवस्थापनवाट प्रमाणित वित्तीय विवरण ।
** प्रक्षेपित वित्तीय विवरण संस्थाले आफैं तयार पारेको हो र सो विवरण आर.के.एस. एण्ड एसोसियट्स का चार्टर्ड एकाउन्टेन्ट श्री सि.ए. राजेश कुमार साहले प्रमाणित गर्नुभएको छ ।

## १७. संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा - नोक्सान हिसावको विवरण :

**२०७१ श्रावण १ गते देखि २०७२ आषाढ मसान्तसम्मको वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) |
|---|---|
| | आ.ब. ०७१/०७२ |
| १. शेयर पूँजी | ४६३,९३५ |
| २. जगेडा तथा कोषहरु | १२४,७७२ |
| ३. ऋणपत्र तथा बण्ड | |
| ४. तिर्न बाँकी कर्जा सापट | १५०,००० |
| ५. निक्षेप दायित्व | ४,२६८,५३३ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | २,८८५ |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ३,१८५ |
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | ७०,९५५ |
| **कुल दायित्व** | **५,०८४,२६४** |
| **सम्पत्ति** | आ.ब. ०७१/०७२ |
| १. नगद मौज्दात | ६०,३१६ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात | २३२,३१८ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ६९८,७५४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | २८१,८७३ |
| ६. कर्जा सापट तथा बिल खरिद | ३,६४९,४८९ |
| ७. स्थिर सम्पत्ति | ८६,८०२ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | |
| ९. अन्य सम्पत्ति | ७४,७१२ |
| **कुल सम्पत्ति** | **५,०८४,२६४** |

## २०७१ श्रावण १ गते देखि २०७२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब

रु हजारमा

| विवरण | वास्तविक (रु. हजारमा) |
|---|---|
| | आ.ब. ०७१/०७२ |
| १ व्याज आम्दानी | ४५३,०८९ |
| २ व्याज खर्च | २५५,०६८ |
| **खुद ब्याज आम्दानी** | **१९८,०२१** |
| ३. कमिशन तथा डिस्काउण्ट | ३,९०२ |
| ४. अन्य संचालन आम्दानी | ३७,९३८ |
| ५. सटही घटबढ आम्दानी | ० |
| **कुल संचालन आम्दानी** | **२३९,८६२** |
| ६. कर्मचारी खर्च | ५२,६९० |
| ७. अन्य संचालन खर्च | ५१,८२८ |
| ८. सटही घटबढ नोक्सान | ० |
| **सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा** | **१३५,३४४** |
| ९. सम्भावित नोक्सानी | १६,८७१ |
| **संचालन मुनाफा/(नोक्सान)** | **११८,४७३** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १६,८६० |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १०,८६७ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१४६,१९९** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | (१,२७८) |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | ० |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१४४,९२१** |
| १३.कर्मचारी बोनस व्यवस्था | १३,१७५ |
| १४.आयकर ब्यबस्था | *४१,१४८* |
| यस वर्षको | ४०,१०२ |
| गत वर्षको | १,२५५ |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | २१० |
| **खुद मुनाफा/(नोक्सान)** | **९०,५९९** |
| शेयर संख्या (हजारमा) | ४,०३४ |
| प्रति शेयर आम्दानी (रु.) | २२.४६ |

## २०७१ श्रावण १ गते देखि २०७२ आषाढ मसान्तसम्मको नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | वास्तविक (रु. हजारमा) |
|---|---|
| | आ.ब. ०७१/०७२ |
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | ११,८२१ |
| २. यस वर्षको मुनाफा | ९०,५९९ |
| ३. सटही घटबढ कोष | |
| ४. शेयर प्रिमियम | - |
| **जम्मा** | १०२,४२० |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | - |

| | |
|---|---|
| २. यस वर्षको नोक्सान | - |
| ३. साधरण जगेडा कोष | १८,१२० |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | - |
| ५. संस्था विकास कोष | |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | ३,१८५ |
| ९. प्रस्तावित बोनस शेयर जारी | ६०,५१३ |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. अन्य (स्थगन कर जगेडा) | - |
| १५. लगानी समायोजन कोष | ८४२ |
| **जम्मा** | **८२,६६०** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **१९,७६१** |

१८. **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**

आर्थिक वर्ष समाप्त भएदेखि हालसम्म कम्पनीको वित्तीय स्थितीमा असर पुग्ने कुनै घटना नघटेको ।

१९. **धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नु पर्ने भएमा सो सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्तालाई असर पर्ने खालका तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्काशन सम्बन्धी कार्य गर्नु पूर्व सो सम्बन्धी आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

२०. **वित्तीय संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पुँजी बजारको अवस्थामा आउने उतार चढाबबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**
वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यबस्था गरेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्तिमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौ ।

२१. **शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

क) शेयर बाँडफाँड गर्दा यस हकप्रद निष्काशन अगावै वित्तीय संस्थाले यस हकप्रद निष्काशन प्रयोजनका लागि आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मितिभन्दा अघिल्लो दिनसम्म भएको कारोवारबाट शेयर खरिद गरी शेयरधनी दर्तापुस्तिका बन्द भएको मितिले ७ (सात) कार्य दिनभित्र शेयर नामसारी तथा दाखिल खारेजका लागि वित्तीय संस्थाको शेयर शाखामा पेश भई शेयरधनी दर्ता पुस्तीकामा कायम शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको ४ : १ (अर्थात विद्यमान ४ कित्ता शेयर बरावर नयाँ १ कित्ता शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँड गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर बाँडफाँड गर्न वित्तीय संस्था बाध्य हुने छैन । कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम गरिने छ ।

ख) वित्तीय संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर विक्रि बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँड गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँड भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेको शेयरधनीहरुलाई हकप्रद साधारण शेयरको प्रमाण पत्र वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ ।

२२. **संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**
वित्तीय संस्थाको प्रधान कार्यालय आई.जे. प्लाजा, दरबारमार्ग, काठमाडौं तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड सेन्ट्रल प्लाजा, नारायणचौर, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखि बैंकको प्रवन्धपत्र, नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईनेछ ।

२३. **शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको प्रमाण पत्र वितरण तथा शेयर अभौतिकरण भई सकेको हकमा शेयरधनीको Demat A/C मा जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित

सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

२४. **कम्पनीको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण** :

ऋण असूली प्रक्रियामा रहेका तथा कर सम्बन्धी मुद्दा मामिला बाहेक अन्य कुनै विवाद वा मुद्दा नरहेको ।

आ.व. २०६०।६१ आयकर निर्धारण अन्तर्गत आन्तरिक राजस्व कार्यालयले गरेको संसोधित कर निर्धारण आदेश उपर चित्त नवुझी मिति २०६४।११।२४ मा आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन गरेकोमा तहांवाट कुनै निर्णय नभएको हुदा मिति २०६७।९।१६ मा राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरीएको । प्रचलित राजस्व न्यायाधिकरण ऐन २०३१ को दफा ढ(ज्ञ) वमोजिम पुनरावेदन गर्दा निर्धारीत कर रु. ५३,०५,२२४।६२ को ५० प्रतिशत रकम धरौटी राख्नुपर्नेमा संसोधित कर निर्धारण आदेश वाट रु. २,४०,८६३।५२ दाखिल भएको देखिएको र आन्तरीक राजस्व विभागमा प्रशासकीय पुनरावलोकन गर्दा थप रु. २,००,०००।- वुझाएकोले वाकीं रु. २२,११,७४८।७९ धरौटी राख्नु पर्नेमा सो भन्दा वढी रकम रु. २२,१२,०००।- धरौटी वापत वुझाई पुनरावेदन दर्ता गरीएको मुद्धाको मिती २०७०।०१।१२ मा राजस्व न्यायाधिकरणवाट फैसला भैसकेको जानकारी यस कम्पनीले मिति २०७२।०८।१५ मा मात्र प्राप्त गरेको हुंदा उक्त फैसला उपर चित्त नवुझी कम्पनिले मिति २०७२।०९।१६ मा सम्माननिय सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको छ । सो मुद्धा हाल सम्माननिय सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेकोले उक्त दायित्व रकमको लागी हिसाबमा कूनै व्यवस्था नगरी सो दायित्वलाई सम्भावित दायित्व अर्न्तगत देखाइएको छ । साथै उक्त मुद्दा मामिलाले यस हकप्रद निष्काशनमा कुनै असर नपार्ने जानकारी गराउदछौं ।

२५. **हकप्रद शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु** :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्काशन प्रयोजनको लागि हकप्रद निष्काशन पुर्व बैंकले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, परिचय नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A\C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

घ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् ।

च) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

छ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।

ज) प्रमाण पत्र बुझ्न आउँदा शेयरधनीले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२६.**आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु:**

हक हस्तान्रणको व्यवस्था नरहेको ।

**२७.लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना उल्लेख गर्नुपर्ने:**

**२७.१ लेखापरीक्षक तथा कम्पनी सचिवको नामनामेसी :**

आ.व.२०७१/७२ को आम्दानी-खर्च हिसाबको लेखापरीक्षण एन.अमात्य एण्ड कं का साझेदार सिए श्री मनिष अमात्यले गर्नुभएको छ र सो आ.व. को लेखापरीक्षकको प्रतिवेदन अनुसूची-१ मा प्रस्तुत गरिएको छ। श्री शेष कुमार ढुङ्गाना यस वित्तीय संस्थाको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।

**२७.२ वित्तीय विवरण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) प्रक्षेपण गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस वित्तीय संस्थाको प्रक्षेपित वित्तीय विवरण संस्थाले आफै तयार पारेको हो र सो विवरणहरु आर.के.एस. एण्ड एसोसियट्स का चार्टर्ड एकाउन्टेन्ट श्री सि.ए. राजेश कुमार साहले प्रमाणित गर्नुभएको छ। प्रक्षेपित वित्तीय विवरणहरु सर्वसाधारणमा बिक्री खुल्ला गरिएको शेयरहरु संस्थाले आर्जन गरेको मुनाफा तथा बैंकको शेयरको हालको बजार मूल्य सो शेयरको अङ्कित मूल्य भन्दा बढी रहेको कारण पूर्ण रुपले बिक्री हुने पृष्ठभूमिमा गरिएको हो। कुनै कारणबस शेयरहरु पूर्णरुपमा बिक्री नभएमा संकलित पुँजीको आधारमा प्रचलित कानून अनुसार सापटी संकलन गरिने र सोही अनुसार कर्जा तथा लगानीमा वित्तीय स्रोत परिचालन हुनेछ।

**२७.३ वित्तीय प्रक्षेपण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) को अनुमानको आधार तथा तरिका पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस विवरणमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिती, संस्थाको हालको दक्षता र संस्थाले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा संस्थाले आफै तयार पारेको हो र सो विवरणहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा आर.के.एस. एण्ड एसोसियट्स का चार्टर्ड एकाउन्टेन्ट श्री सि.ए. राजेश कुमार साहज्यू रहनु भएको छ।

**२७.४ यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड नक्साल, काठमाडौं रहेको छ।

**२७.५क्रेडिट रेटिङ्ग :**

यस हकप्रद निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (fundamentals) जनाउने " [ICRANP] IPO Grade 4 " प्रदान गरेको छ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ। ग्रेड २, ३, र ४ मा प्रदान गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकरात्मक स्थितिलाई जनाउँदछ।

**२७.६ शेयर निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

शेयरको हकप्रद निष्काशन गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड नक्साल काठमाडौं रहेको छ।

**२८.हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) वित्तीय संस्थाको Capital Plan अनुसार पूँजी बृद्धि गर्न

ख) वित्तीय संस्थालाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पुँजी वृद्धि गर्न।

ग) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पुँजी सङ्कलन गर्न।

घ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न।

**२९ हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम देहाय बमोजिम उपयोग गरिनेछ ।

| **क्र.स** | **विवरण** | **रकम (रु.)** |
|---|---|---|
| १ | कर्जा सापट | ९,३९,८३,६१२ |
| | बजार व्यवस्थापन | १०,००,००० |
| | संस्था विकास | १०,००,००० |
| | राष्ट्र बैंकमा निक्षेप | २,००,००,००० |
| | **जम्मा** | ११,५९,८३,६१३ |

**३० हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा नेपाल धितोपत्रको प्रचलित निर्देशिकाको अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ ।

**३१. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरुः**

| **क्र.सं.** | **स्थानहरु** |
|---|---|
| १. | नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेड सेन्ट्रल प्लाजा, नारायणचौर, काठमाण्डौं |
| २. | युनाइटेड फाइनान्स लिमिटेडको प्रधान कार्यालय, दरबारमार्ग काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु काठमाण्डौं उपत्यका भित्र धर्मपथ न्यूरोड, कालीमाटी र गट्टाघर तथा उपत्यका बाहिर न्यूरोड पोखरा, पुल्चोक नारायणगढ, नेबी प्लाजा विराटनगर, राजमार्ग चौराहा बुटवल, धम्बोजी सुर्खेत रोड नेपालगञ्ज, घोराही दाङ, तथा आदर्शनगर वीरगञ्ज । |

उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड नक्साल, काठमाडौं द्वारा अन्य माध्यममार्फत सुचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्न व्यवस्था गरिने छ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

**३२. निष्काशन बैंक ( Bankers to the Issue ) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा नबिल बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौंलाई तोकिएको छ ।

**३३. आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा आफूले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । साथै यस बैंकका सञ्चालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानुनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य समेत नरहेको उद्घोषण पनि गर्दछ ।

३४.	**पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण,**

यस बैंकको विगत तीन आर्थिक वर्षको शेयर कारोवारको विवरण:

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य रु. | न्युनतम शेयर मूल्य रु. | अन्तिम शेयर मूल्य रु. | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०६९/७० | १६६ | ११८ | १३३ | ४६,६१० |
| २०७०/७१ | २७९ | १२९ | २५६ | ६४,३५८ |
| २०७१/७२ | ३९९ | २११ | २४६ | ४७,४९५ |

**पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण**

| महिना | अधिकतम शेयर मूल्य रु | न्युनतम शेयर मूल्य रु | अन्तिम शेयर मूल्य रु | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| फाल्गुन | ४२५ | ३३६ | ३८५ | २४,२९८ |
| चैत्र | ३७९ | ३५८ | ३६५ | ९,५४० |
| बैशाख | ४२४ | ३६० | ४१३ | १२,७१५ |

**नोट :** यस बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

३५	**यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| क्र.स | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वसन्त कुमार चौधरी | अध्यक्ष | |
| २ | श्री सुरज शाक्य | संचालक | |
| ३ | श्री राजेश शर्मा दाहाल | संचालक | |
| ४ | श्री हरि ओम घिमिरे | संचालक | |
| ५ | श्री गजेन्द्र लाल श्रेष्ठ | संचालक | |
| ६ | श्री बेनी गोपाल मुन्दडा | संचालक | |
| ७ | श्री रत्न राज पाण्डेय | संचालक | |

NABIL INVEST
(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza,Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : nabilinvest@nabilbank.com
Web : www.nabilinvest.com.np

मिति : २०७३/०३/०१

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**विषय : डयु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

वागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका , वडा नं. १, दरबारमार्गमा रजिष्टर्ड कार्यालय रहेको श्री युनाइटेड फाईनान्स लिमिटेडले हकप्रद निष्काशन गर्न लागेको रु. १,००।– अङ्कित दरका ११,५९,८३६.१३ कित्ता साधारण शेयरहरु जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयरहरुको हकप्रद निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा" उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ समक्ष पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्वन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

नविल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडको तर्फबाट
नाम : अनोज थापा
पद : प्रमुख मर्चेण्ट बैंकिंग

सही :

कार्यालयको छाप :

NABIL INVEST NAXAL KATHMANDU

**N. Amatya & Co.**
Chartered Accountants

Fourth Floor,
Gajendra Bhawan
1784/42 Ramshah Path
Kathmandu, Nepal

**युनाइटेड फाईनान्स लिमिटेडको**
**शेयरधनी महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन**

१. *वित्तिय विवरण माथीको प्रतिवेदन*

हामीले **युनाइटेड फाईनान्स लिमिटेडको** यसैसाथ संलग्न वित्तिय विवरणहरु २०७२/३/३१ (१६ जुलाई २०१५) को वासलात, र सोही मितिमा समाप्त बर्षको विस्तृत आय विवरण, पुंजीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरणका साथै अपनाइएका मुख्य मुख्य लेखा निती अन्य विश्लेशण युक्त जानकारी समावेश छ को लेखापरीक्षण गर्यौं ।

२. *वित्तिय विवरण प्रति व्यवस्थापनको उत्तर दायित्व*

नेपाल लेखापरीक्षण मान् अनुसार वित्तीय विवरणहरु उपयुक्त तरिकाले तयार गरी सारभुत रुपमा ठिकसित प्रस्तुतीकरण गर्नु व्यवस्थापनको उत्तर दायित्व हो र जालसाजी वा गल्तीबाट बित्तिय विवरणमा समाबेश आंकडा गलत नहोस भन्ने हेतु व्यवस्थापनबाट आन्तरिक नियन्त्रणको आवश्यक ब्यवस्था गर्नु पर्दछ ।

३. *लेखापरिक्षकको उत्तरदायित्व*

लेखापरीक्षकको नाताले हाम्रो उत्तर दायित्व वित्तिय विवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । उक्त लेखामान्बाट तोकेको आचारसंहिता पालना गर्दै वित्तिय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तिय विवरणका आंकडा तथा खुलाइएका अन्य विवरणलाई पुस्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने विधी लेखापरीक्षणमा अपनाएको हुन्छ । लेखापरीक्षकले अपनाउने विधीको चुनाव लेखापरीक्षकको फैशलामा निर्भर गर्दछ र सोही विधीको आधारमा लेखापरीक्षकले जालसाजी वा गल्तीको जोखिमबाट सारभुतरुपमा वित्तिय विवरणका आंकडाहरु गल्ती रहित छ भन्ने ब्यहोरा निर्धारण गर्दछ । उल्लेखित जोखिम निर्धारण गर्दा कम्पनीको वित्तिय विवरणको तयारी र खुलाइएका विवरण सम्बन्धमा अपनाएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधी तयार गर्दछ । तर यस्ले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कती प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागी हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखासिद्धान्तको उपयुक्तता ब्यवस्थापनले गरेको वित्तिय अनुमानको औचित्यताका साथै वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितीको मुल्यांकन पनी लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तब्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

४. *मन्तब्य*

हाम्रो रायमा संलग्न वित्तिय विवरणहरुले सोहीसाथ संलग्न लेखा निति तथा लेखासंग सम्बन्धित टिप्पणीहरुका साथै अध्ययन गर्दा २०७२ आषाढ ३१ गतेको वित्तिय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट जारी नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार र कम्पनी ऐन २०६३ को निर्देशन अनुसार ठिकसंग तयार गरिएका छन् ।

५. *अन्य कानूनी तथा नियमनकारीको आवश्यकता माथीको प्रतिवेदन*

माथि उल्लेखित ब्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथा सिघ्र पायौ ।

ख) हाम्रो विचारमा कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीकसंग राखेको छ ।

ग) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनीले राखेको लेखासंग दूरुस्त रहेका छन् र यी विवरणहरु कम्पनी ऐन २०६३ बमोजिम तयार भएका छन् ।

घ) कम्पनीले गरेको कारोवार त्यसको अख्तियारी भित्र रहेको र यी कारोवार सन्तोषजनक रुपमा भएको देखिन्छ,

ङ) कम्पनीको संचालक समिति वा कुनै संचालक वा कम्पनीको कुनै कर्मचारीले लेखा सम्बन्धि कुनै ऐन कानून बिरुद्ध काम गरेको वा कम्पनीलाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

सिए. मनिष अमात्य
साझेदार
नि. एन.अमात्य एण्ड कम्पनी
चार्टड एकाउन्टेन्टस्

मिति : २०७२।०५।२८
स्थान : काठमाण्डौ